बकैया गाउँकार्यपालिकाको मिति २०७६।११।१५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७६ सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा २०७२ साल बैशाख १२ को विनाशकारी भूकम्प, यसले गरेको क्षति र यस क्रममा कमजोर भवन संरचना तथा साँघुरा बाटो घाटोको कारणले भोग्नु परेको समस्या साथै खुला स्थानको अभाव लगायतका हाम्रा शहरी योजना तर्जुमा, वस्ती विकास तथा भवनका मापदण्डको सन्दर्भमा कमजोरीहरु महशुस भै नेपालमा भवन निर्माणको सन्दर्भमा साविकमा भएका नीतिहरुको परिमार्जन गर्नु पर्ने आवश्यकता महशुस गरी 'बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२' नेपाल सरकारले जारी गरी कार्यान्वयनमा रहेको तथा 'राष्ट्रिय भवन संहिता- २०६०' लागू भैसकेकोले गाउँपालिकाहरुले आफ्नो मापदण्ड आफैं स्वीकृत गर्न पाउने भन्ने मापदण्डको दफा १७ ले प्रदान गरेको अधिकार साथै स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ७ को प्रावधानहरु कार्यान्वयन गर्ने प्रयोजनको लागि यस गाउँपालिकाको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७६ मिति २०७६।१०।२० गतेको कार्यपालिकाको बैठकमा छलफलका लागि पेश गरिएकोमा सो कार्यविधिलाई पारित गर्ने निर्णय गरियो ।

२. ऐलानी जग्गाको विवरण संकलन तथा अभिलेखिकरण र व्यवस्थापन सम्बन्धि कार्यविधि सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाका विभिन्न वडाहरुमा सर्भे नापी छुट भई जग्गाधनी प्रमाणपुर्जा नभएका र सामुदायिक वनले रेखांकन गरेका वनको सिमाना भन्दा बाहिर रहेको जग्गामा परापूर्वकाल देखि बसोबास गरेका तथा त्यस्ता जग्गाको हकभोग गरिरहेका घरपरिवार तथा व्यक्तिहरु र निजले हकभोग गरिरहेका जग्गा तथा सार्वजानिक जग्गाहरुको विवरण संकलन गरि त्यसको अभिलेखिकरण गर्न तथा सार्वजानिक जग्गाहरुको संरक्षण गर्न वान्छनीय भएकोले ऐलानी जग्गाको विवरण संकलन तथा अभिलेखिकरण र व्यवस्थापन सम्बन्धि कार्य र सोको प्रकृयालाई स्पष्ट, पारदर्शी र व्यवस्थित गर्न मिति २०७६।१०।२० को कार्यपालिका बैठकमा छलफलका लागि पेश गरिएकोमा उक्त कार्यविधिलाई पारित गर्ने निर्णय गरियो । साथै ऐलानी जग्गाको विवरण संकलन तथा अभिलेखिकरण र व्यवस्थापन सम्बन्धि कार्य सर्वप्रथम गाउँपालिकाको वडा नं. ४ र ५ मा सञ्चालन गर्ने र सो का लागि १ जना सर्वेक्षक र २ जना अमिन सेवा करारमा नियुक्ती प्रकृया अगाडी बढाउने निर्णय समेत गरियो ।

३. बकैया गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६ सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि लोकतान्त्रिक गणतन्त्र र संघीय संरचनाको व्यवहारिक कार्यान्वयनको मर्मलाई आत्मसात गर्दै संविधानको मौलिक हक अन्तर्गत उल्लेखित बालबालिकाको सर्वोतम हितलाई कार्यान्वयनमा ल्याउन बालबालिका सम्बन्धि ऐन, २०७५ को व्यवहारिक कार्यान्वयनका लागि संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीको आधारमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २१ ले दिएको अधिकारको प्रयोग

...दर खनाल

Scanned with CamScanner

गरि बकैया गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६ पारित गर्ने निर्णय गरियो ।

**४. स्थानीय तह तेस्रो सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्ड कप-२०७६ सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा हरेक वर्ष झैं यस वर्षमा समेत मकवानपुर जिल्लामा सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्ड कप- २०७६ यहि मिति २०७६ फागुन २९ गतेबाट सञ्चालन हुन गइरहेको र स्थानीय तहरुको सामुहिक प्रायोजनमा उक्त खेल सम्बन्धमा जिल्ला समन्वय समिति मकवानपुरबाट समन्वय भई गाउँपालिकाहरुले रु. ५,००,०००।- सहयोग गर्ने निर्णय भएको र सोही अनुसारको सहयोग प्रस्ताव भई आएकोमा मकवानपुर जिल्ला फुटबल संघ सङ्ग संझौता गरि खर्चको विल भर्पाई उपलब्ध भए पश्चात मात्र फछ्यौंट हुने गरि सो रकम सहयोग गर्ने निर्णय गरियो।

**५. अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका निम्ति समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम शिर्षकमा रु. ३,००,०००।- बजेट विनियोजन भएकोमा मकवानपुर जिल्लाको अपाङ्गता क्षेत्रमा काम गर्न कृयाशिल संघ-संस्थाहरुले समन्वयात्मक बैठक बसी यस गाउँपालिकामा उक्त कार्यक्रम सञ्चालन गर्नका लागि मकवानपुर नेत्रहीन संघ ले जिम्मवरी पाएको तथा उक्त संघले सो कार्यक्रम संचालन गर्न जनचेतना, पैरवी, नेतृत्व विकास, आयमूलक तालिम, शैक्षिक स्तर वृद्धि, सहायक सामाग्री वितरण र वडा स्तरीय समन्वय समिति गठन गरी ५ वटा परियोजना प्रस्तावहरु सहित स्वीकृतिका लागि पेश गरेकोमा उक्त प्रस्तावलाई स्वीकृत गर्दै कार्यक्रम सञ्चालन प्रकृया अगाडी बढाउने गर्ने निर्णय गरियो ।

**६. बकैया साहित्य महोत्सव, २०७६ सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा वि.सं. २०५० फागुन १२ गते यसै बकैया गाउँपालिकामा स्थापित झरना साहित्यिक परिवार मकवानपुरले जिल्लाभर कार्यक्षेत्र बनाउँदै मकवानपुरकै अग्रणी र जुझारु साहित्यिक संस्थाको पहिचान बनाउन सफल भएको र विगतदेखि नै वार्षिक कार्यक्रम यस गाउँपालिकाको आर्थिक व्यवस्थापनमा बृहत साहित्यिक गोष्ठीका रुपमा गाउँपालिकामा नै सञ्चालन गर्दै आएकोमा यस वर्ष पनि संस्थाको २७ औं वार्षिकोत्सव (२५० औं साहित्य शृङ्खला) को अवसरमा गाउँपालिकाको पूर्ण आर्थिक व्यवस्थापनमा दुई दिवसीय कार्यक्रमका रुपमा बकैया साहित्य महोत्सव २०७६ भव्यतापुर्वक आयोजना गर्नको लागि कार्यक्रमको अनुमानित खर्च विवरण सहितको प्रस्ताव पेश गरेकोमा बढिमा उक्त अनुमानित खर्च रकम रु. २,९७,५५५।- कार्यक्रम सम्पन्न भए पश्चात विल भर्पाई फोटोहरु प्राप्त भएपछि भुक्तानी दिने निर्णय गरियो ।

दामोदर खनाल

Scanned with CamScanner

७. ११० औं अन्तर्राष्ट्रिय महिला दिवस सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यहि मिति २०७६ फागुन २५ (मार्च ८) गते ११० औं अन्तर्राष्ट्रिय नारी दिवस रहेको र गाउँपालिकाको चालु आ.व. को स्वीकृत कार्यक्रम तथा बजेटमा सो दिवसको कार्यक्रमका लागि रु. १,५०,०००।- विनियोजन गरिएकोमा हाजिरी जवाफ, वक्तृत्वकला, गायन, भजन लगायतका कार्यक्रमहरु सञ्चालन गरि उक्त दिवस भव्य रुपमा मनाउने निर्णय गरियो ।

८. वालविकास कक्षा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत ६८ वटा वालविकास केन्द्र सञ्चालनमा रहेको र अन्य विद्यालहरुमा पनि आगामी शैक्षिक शत्रबाट वालविकास केन्द्र सञ्चालन हुने हुँदा उक्त वालविकास केन्द्रहरु व्यवस्थित गर्दै लैजानु पर्ने आवश्यकता रहेकोले हालका लागि सबै ७५ वालविकास केन्द्रमा जुत्ता राख्ने र्याक उपलब्ध गराउने निर्णय गरियो ।

९. विस्तृत आयोजना प्रतिवेदन (DPR) सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको विकास निर्माणको कार्यलाई निरन्तरता दिन तथा संघीय सरकार तथा प्रदेश सरकारसङ्ग विभिन्न योजनाहरु माग गर्न समेत विस्तृत आयोजना प्रतिवेदन आवश्यक पर्ने हुँदा तपशिल बमोजिमका योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने निर्णय गरियो।

तपशिलः

१. बान्द्रे खोला पुल
२. कर्मचुली जुईना पुल
३. ठाँटी खोला पुल
४. बुदुने खोला पुल
५. च्याउँच्याउँ कपासे पक्की पुल
६. अखौंले पक्की पुल
७. ठिंगन मन्थली सडक
८. भिरकोट कत्लेखोला सडक
९. लटरम्मेश्वर मन्दिर जाने बाटो
१०. मुक्तानश्वाँरा भडौरा झोलुङ्गे पुल

१०. ई-हाजिरी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा[ई-हाजिरी जडान भएको भए ता पनि प्रयोगविहिन भएको पाइएकोमा आगामी बैशाख महिनादेखि गाउँपालिकामा प्रमाणित ई-हाजिरी प्राप्त भए पश्चात मात्र तलव भत्ता भुक्तीनी गर्ने निर्णय गरियो ।

११. तारजाली व्यवस्थापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा राष्ट्रपति चुरे विकास कार्यक्रम अन्तर्गत विभिनन्न स्थानमा योजनाहरु सञ्चालन गर्दा केही योजनाहरुको लागि तारजाली व्यवस्थापनको कार्य भएको तर बाँध बान्ने कार्य हुन

दामोदर खनाल

Scanned with CamScanner

नसकेकोमा उक्त तारजालीहरु सम्बन्धित योजना स्थलमा नै बाँध निर्माण कार्यमा प्रयोग गर्ने र बाँध निर्माणको क्रममा जालीमा ढुङ्गा भरे बापत प्रति घनमिटर रु. ५००।- का दरले विपद व्यवस्थापन शिर्षकको रकम बाट भुक्तानी दिने भनि गाउँ कार्यपालिकाको मिति २०७६।०५।०५ गतेको बैठकबाट निर्णय भएकोमा हालसम्म कार्य हुन नसकेकोले उक्त रकमलाई वृद्धि गरि जालीमा ढुङ्गा भरे बापत प्रति घनमिटर रु. १,०००।- का दरले भुक्तानी दिने निर्णय गरियो ।

१२. अमानतमा कर संकलनलाई व्यवस्थापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले चालु आव मा २०७६ असोज देखि नै अमानतमा कर संकलन गर्दै आईरहेको तथा कतिपयले कर छली गर्न खोजेको पाईएकोले कर संकलनलाई अझ व्यवस्थित गर्नका लागि राजश्व सम्बन्धि अनुशिक्षण कार्यक्रम संचालन गर्ने तथा गाउँपालिकाको श्रीपुर नाकामा कर्मचारी परिचालन गरि रसिदहरु चेकजाँचको व्यवस्था मिलाउने निर्णय गरियो ।

१३. जिल्ला बचत तथा ऋण सहकारी संघ लि. आर्थिक सहयोग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको आयोजनामा मिति २०७६ फागुन २४ र २५ गते २ दिवसिय सुशासन व्यवस्थापन तथा गुणस्तरियता विकासका लागि "सहकारी लेखा तथा सुपरिवेक्षण समिति कार्यशाला गोष्ठी २०७६" आयोजना गर्नका लागि कार्यक्रमको अवधारणा पत्र र बजेट सहितको प्रस्तावना पेश गरि आर्थिक सहयोग माग गरेकोमा कार्यक्रमको विल भर्पाई फोटोहरु उपलब्ध भए पश्चात भुक्तानी हुने गरि रु. ३०,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१४. वडामा संचालित व्यक्तिगत घटना दर्ता शिविर सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाका विभिन्न वडाहरुमा व्यक्तिगत घटना दर्तालाई अद्यावधिक गर्न तथा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका निर्माण अभियानलाई सहयोग पुर्याउनका लागि समुदाय प्रहरी साझेदारी कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता शिविरहरु सञ्चालन भईरहेकोमा कार्यक्रमको विल भर्पाई तथा फोटो लगायतका विवरणहरु प्राप्त भए पश्चात भुक्तानी दिने निर्णय गरियो ।

१५. कर संकलकको पारिश्रमिक सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको अमानतबाट कर संकलन कार्ययोजना, २०७६' बमोजिम अमानतबाट कर संकलन कार्यको लागि गाउँ कार्यपालिकाको मिति २०७६।०६।०५ गतेको निर्णय अनुसार बकैया गाँउपालिका क्षेत्रभन्दा बाहिर निकाशाको रकम उठाउन यस कार्यालयका कार्यालय सहयोगी श्री बुद्दि बहादुर माझीलाई वडा नं. ५ श्रीपुर नाकामा खटाइएकोमा निज कार्यालयको काममा फर्केकाले सम्बन्धित वडा कार्यालयको सिफारिश अनुसारको व्यक्तिलाई विभिन्न स्थानमा कर

दामोदर खनाल

Scanned with CamScanner

संकलनको लागि खटाइएकोमा निजहरुलाई तपशिल बमोजिम पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| क सं | विवरण | पारिश्रमिक | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकामा घरायसी प्रयोजनका लागि कर उठाइएकोमा | संकलित रकमको २० प्रतिशत | १% अग्रिम करकट्टी हुने |
| २ | गाउँपालिका बाहिर निकासा भएको वा गाउँपालिका भित्र नै व्यवसायिक प्रयोजनका लागि कर उठाइएकोमा | संकलित रकमको ५ प्रतिशत | १% अग्रिम करकट्टी हुने |

**१६. माझी समुदायको लदि पर्व कार्यक्रमको लागि आर्थिक सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिका भित्र उल्लेख्य रुपमा रहेका माझी समुदायले विशेष महत्वका साथ मनाउने लदि पर्व यस वर्ष मिति २०७६।११।२० गते रहेको तथा उक्त पर्वलाई गाउँपालिका स्तरमा आयोजना गर्न नेपाल माझी उत्थान संघ जिल्ला कार्य समिति मकवानपुरबाट आर्थिक सहयोगको लागि अनुरोध भए बमोजिम उक्त संस्थाले पेश गरेको आर्थिक प्रस्तावको अधिनमा रहि कार्यक्रम सम्पन्न भए पश्चात संस्थाले पेश गर्ने बिल भरपाई फोटो लगायतका विवरणका आधारमा बढिमा रु १ लाख उक्त संस्थालाई भुक्तानी गर्ने निर्णय गरियो। साथै सो पर्वको उपलक्ष्यमा सम्पूर्णमा शूभकामना व्यक्त गर्दै उक्त दिन गाउँपालिका क्षेत्रभित्र सार्वजनिक विदा दिने निर्णय गरियो ।

**१७. स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन, २०७६) साथमा उक्त मन्त्रालयको प.सं. २०७६।७७, च.नं. २००, मितिः २०७६।०८।०८ को स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्बन्धी विषयको पत्रमा स्वीकृत कार्यविधि बमोजिम आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न प्रति संस्था रु. ५ लाख र सम्बन्धित स्थानीय तहबाट निर्माण हुने स्वास्थ्य संस्था (TYPE 1 को लागत अनुमान रु. ६३,४६,६३०।- तथा TYPE 2 को लागत अनुमान रु. ३८,८६,९२०।-) को लागि स्थानीय तहमा **"स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा संचालन खर्च"** कृयाकलापमा श्री अर्थ मन्त्रालय मार्फत वित्तिय हस्तान्तरण गरि पठाई सकिएको भनि पत्र प्राप्त भएको र यस गाउँपालिको लागि वडा नं. ७, ८ र ११ मा TYPE 2 को भवन बनाउनको लागि तोकिएर आएकोमा गाउँ कार्यपालिकाको मिति २०७६।१०।२० गतेको निर्णयानुसार वडा नं. ७ को भवन हात्तीखोला भिरकोट, वडा नं. ८ को भवन किर्ने बजार र वडा नं. ११ को भवन आँपचौरमा निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरिएको तथा अघिल्लो आर्थिक वर्ष २०७५।७६ मा सोहि कार्यविधि बमोजिम ३ वटा स्वास्थ्य संस्थाहरु निर्माणका लागि अख्तियारी प्राप्त भएकोमा उक्त स्वास्थ्य संस्थाहरु क्रमशः वडा नं. ३, ५ र १० मा स्थापना गर्ने निर्णय गरियो ।

दामोदर खनाल

Scanned with CamScanner

**१८. स्थानीय वालकोष स्थापना सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाले बालमैत्री स्थानीय सञ्चालनको लागि कार्यक्रमहरु सञ्चालन गरिरहेको र सो को लागि छुट्टै स्थानीय वालकोषको आवश्यकता रहेको हुँदा स्थानीय वालकोष स्थापना गरी सो कोषमा तत्कालको लागि रु.१०,००,०००।- (अक्षरेपी रुपैया दश लाख मात्र) जम्मा गर्ने र आगामी गाउँसभा मार्फत अनुमोदन गराउने निर्णय गरियो ।

**१९. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय पूर्वाधार विकास कार्यक्रमका लागि यस गाउँपालिकामा ७ वटा योजनाहरु प्राप्त भएको र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यक्रम) नियमावली, २०७६ बमोजिम पचास लाख रुपैया भन्दा कम लागत अनुमान भएको आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था रहेकोमा तपशिल बमोजिमका दुई योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने वडा | कर्यक्रमबाट प्राप्त हुने रकम | |
|---|---|---|---|---|
| १. | दोभान विजल डाँडा सडक | वडा नं. १ र २ | २४,७७,५००।- | |
| २. | भिमसेन दमार मोरङ्गे आहाले भञ्याङ्ग | वडा नं. ४ र ११ | २४,७७,५००।- | |

**२०. बङ्दह पहिरो नियन्त्रण सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ३ स्थित बङ्दह पहिरो नियन्त्रणका लागि अघिल्लो आ व २०७५।७६ मा बजेट छुट्याई बाँध बाध्ने कार्यका लागि उपभोक्ता समिति सङ्ग संझौता गरि कार्य अगाडी बढाईएको तर असार अन्तिम साताको बाढी पहिरोका कारण काम सम्पन्न हुन नसकेकोले तारजाली खरिद गरेको तथा ढुङ्गा संकलनको कार्य भईसकेको भए ता पनि उक्त कार्यको रकम भुक्तानी नगरिएको र यस आ व मा उक्त कार्यका लागि रु. १५,००,०००।- रकम विनियोजन गरिएकोमा उक्त कार्य उपभोक्ता समिति मार्फत नै गराउने निर्णय गरियो ।

**२१. ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट उत्खनन्, संकलन कार्यमा हेभी उपकरणको प्रयोग सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गत आ.व. २०७५।७६ को प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, वालुवा लगायत निर्माण सामाग्रीको उत्खनन्, संकलन कार्य तोकिएको खोलाको पानीको वाहाव क्षेत्र भन्दा बाहिर रहेका खोला किनारमा जम्मा भएका ठाउँहरुमा हुने र सो कार्यका

दामोदर खनाल

Scanned with CamScanner

लागि मानव संशाधनको प्रयोग गरिने तर हेभी उपकरणको (डोजर, स्काभेटर आदि) प्रयोग गर्न परेको अवस्थामा गाउँपालिकाको स्वीकृत गराई वार्षिक उत्खनन् परिमाणमा परिवर्तन नहुने गरि गर्नु पर्ने व्यवस्था रहेकोमा मानव संशाधनले मात्र उत्खनन् गर्न असम्भव रहेका प्रतिवेदनमा उल्लेख भए बमोजिमको क्षेत्रमा उक्त प्रतिवेदनमा उल्लेखित मापदण्ड बमोजिमको परिमाण उत्खनन् गर्नका लागि हेभी उपकरणको (डोजर, स्काभेटर आदि) प्रयोग गर्न स्वीकृती दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner